# बुटवल उपमहानगरपालिका
## नगरकार्यपालिकाको कार्यालय
बुटवल, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

बुटवल उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय बुटवल, रुपन्देही लुम्बिनी प्रदेश, नेपाल

दीपक ज्ञवाली प्रमुख प्रशासकीय अधिकृत सहसचिव

### नदीजन्य पदार्थ उत्खनन्, घाटगद्दी एवं बिक्री गर्ने कार्यको बोलपत्र आव्हानको सूचना
(विद्युतिय बोलपत्र)
(प्रथम पटक प्रकाशित मितिः २०८३/०१/२२)

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२'क,नेपाल सरकारबाट स्वीकृत "ढुंगा, गिट्टी, बालुवा उत्खनन् बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड,२०७७" र **प्राकृतिक श्रोत व्यवस्थापन सम्बन्धी ऐन, २०८१ र आय ठेक्का बन्दोबस्त गर्ने सम्बन्धी नियमावली ,२०७६** बमोजिम तपसिलमा उल्लेखित तिनाउ र दानब नदीको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनबाट स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् एवं बिक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ईच्छुक फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०८१/०८२ को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपिहरु संलग्न गरी बोलपत्र विद्युतिय माध्यम (e-Bidding)) प्रकृयामा सहभागी हुन ईजाजत प्राप्त ईच्छुक फर्म वा कम्पनी सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

तपसिलः

| सि.नं. | ठेक्का नं. | उत्खनन् गरिने नदी र घाटको नाम | उत्खनन्गर्नुपर्ने परिणाम (घ.फि.) | न्यूनतम कबोल रकम रु. (मू.अ.कर बाहेक) | धरौटी | बोलपत्र दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|
| १ | ०६/२०८२/०८३ /Revenue | बुटवल उपमहानगरपालिका वडा नं . ११ स्थित तिनाउ नदीको सिर्जनानगर (प्रगतिनगर) घाट | ९०२९०७.८३ | १६२५२३४०.९४ | मू.अ.कर सहितको कबोल अंकको ५ प्रतिशतले हुने रकमको बैंक भौचर वा सो बराबरको बैंक जमानत | ३०००.०० |
| २ | ०७/२०८२/०८३ /Revenue | बुटवल उपमहानगरपालिका वडा नं . १३ र १४ स्थित दानव नदीको पदमपुर (ड्राइभिङ स्कुल नजिकको) घाट | ७४१५९.४० | १३३४८६९.२० | | १०००.०० |

**नोटः**

बोलपत्र दर्ता गर्ने अन्तिम मिति र समय : २०८३/०२/०६ गते १२:०० बजे सम्म।

(ठेक्का सम्बन्धी शर्तहरु सहितको सूचनाको पूर्णरुप यस कार्यालयको वेवसाइट**www.butwalmun.gov.np** वा **www.bolpatra.gov.np/egp** बाट डाउनलोड गर्न वा कार्यालयको सूचना पाटीमा हेर्न सकिनेछ।)

प्रमुख प्रशासकिय अधिकृत

**दीपक ज्ञवाली**
**प्रमुख प्रशासकीय अधिकृत**
**सहसचिव**

# बुटवल उपमहानगरपालिका
## नगरकार्यपालिकाको कार्यालय
### बुटवल, रुपन्देही
### लुम्बिनी प्रदेश, नेपाल

बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालय बुटवल, रुपन्देही लुम्बिनी प्रदेश, नेपाल

दीपक ज्ञवाली प्रमुख प्रशासकीय अधिकृत

**ठेक्का सम्बन्धि शर्तहरुः**

१. फर्मको नविकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०८१/०८२ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,Letter of Bid, बोलपत्र फाराम दस्तुर वापत को रकम राष्ट्रिय बाणिज्य बैंक बुटवल शाखाको आन्तरिक श्रोत बुटवल उप महानगरपालिकाको कार्यालय कोड नं. ८०१०५४८०१ खाता नं ३१२०१००३०१०१०००२ मा जम्मा गरी वा अन्य बैंक वा वित्तीय संस्थाबाट उक्त खातामा जम्मा हुने गरि र ठेक्का नं. र बोलपत्रदाताको नाम समेत उल्लेख गरि तोकिए बमोजिमको रकम दाखिला गरेको बैंक भौचर पेश गरी www.bolpatra.gov.np/egp बाट बोलपत्र पेश गर्न सकिनेछ।

२. बोलपत्र दाखिला गर्दा बोलपत्र खरिद दस्तुर रसिदलाई बोलपत्र सम्बन्धी कागजातसाथ संलग्न गरि यो सूचना प्रकाशित भएको मितिले १६औं दिन दिनको १२ बजे भित्र www.bolpatra.gov.np/egp मार्फत पेश गर्नुपर्नेछ।

३. आफुले कबोल गरेको अंङ्कमा मू.अ.कर समेत जोडी हुन आउने रकमको ५% ले हुन आउने धरौटी यस कार्यालयको रा.वा. बैंक बुटवल शाखामा रहेको धरौटी खाता नं. ३१२०१००३०३००००००२ मा जम्मा गरेको सक्कलै भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य वैंक वा वित्तिय संस्थाबाट यस कार्यालयको नाममा ठेक्का नं. र नाम उल्लेख गरी कम्तिमा १२० दिन मान्य अवधि भएको बोलपत्र जमानत (बोलपत्रको मान्य अवधि भन्दा ३० दिन बढी हुनेगरी कम्तिमा १२० दिन हुनु पर्ने) सहित जारी गरिएको बिडबण्ड बोलपत्रसाथ समावेस गर्नुपर्नेछ ।

४. रीतपूर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको १:०० बजे सम्बन्धित बोलपत्रदाता,फर्मका प्रोपाईटर वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ।साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्नेछैन।उक्त दिन विदा परेमा सो कार्य विदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ ।

५. प्रि-बिड बैठक मिति २०८३/०१/३० गते दिनको २:०० बजे बुटवल उपमहानगरपालिकाको कार्यालयमा हुनेछ । ईच्छुक बोलपत्रदाताहरुले उक्त बैठकमा भाग लिई यस सम्बन्धमा विस्तृत जानकारी हासिल गर्न सक्नेछन् । उक्त दिन विदा परेमा उक्त बैठक सोको भोलिपल्ट सोही समयमा हुनेछ।

६. बोलपत्र सम्बन्धी थप जानकारी बोलपत्र फाराममा उल्लेख गरिएको हुँदा सोही फारामबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । रीत नपुगी वा शर्तसहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुनेछैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस नगरकार्यपालिकामा सुरक्षित रहनेछ।

७. बोलपत्र स्वीकृत भएमा सोको सूचना पत्र वा ईमेल वा फोनबाट पाएको वा घरदैलोमा सूचना टाँस भएको मितिले ७ दिनभित्र मू.अ. कर दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको प्रथम किस्ता वापत ५० प्रतिशतले हुने रकम अनिवार्य बुझाउनु पर्नेछ। दोस्रो किस्तावापत ५० प्रतिशतले हुन आउने रकमको लागि नेपाल

राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंक वा वित्तिय संस्थाबाट यस कार्यालयको नाममा कम्तिमा २०८ साल श्रावण मसान्तसम्मको म्याद सहित जारी गरिएको बैंक ग्यारेन्टी (परफरमेन्स बन्ड) समेत पेश गरी पट्टा उठाउनु पर्नेछ । साथै बोलपत्र कबोल गर्ने फर्मले आफुले कबोल गरेको अंकको १.५ प्रतिशतले हुने अग्रिम आयकर बापतको रकम आन्तरिक राजस्व कार्यालयमा दाखिला गरी सोको भौचर र १३ प्रतिशतलेहुने मूल्य अभिवृद्धि कर बापतको रकम यसै कार्यालयमा दाखिला गर्नु पर्नेछ ।यस्तो रकम कार्यालयले आन्तरिक राजस्व कार्यालयमा दाखिला गरिदिनेछ।साथै बैंक ग्यारेन्टी वापतको रकम २०८३ असार १५ भित्र दाखिला गरिसक्नुपर्नेछ ।

८. तोकिएको म्यादभित्र ठेक्का सम्झौता गर्न नआएमा वा लिन मञ्जुर नगरेमा निज पछिको दोश्रो, तेश्रो क्रम अनुसार बुटवल उपमहानगरपालिकाको आय ठेक्का बन्दोबस्त गर्ने सम्बन्धी नियमावली,२०७६ को नयम ७ को उपनियम ३ बमोजिम हुनेछ ।

**उत्खनन् सम्बन्धी शर्तहरु**

१. उत्खनन् तथा सङ्कलन स्थलमा सार्वजनिक जानकारीका लागि सूचना पाटी राख्नु पर्नेछ।

२. ठेक्का स्वीकृत भएपछि उपमहानगरपालिकाका प्रतिनिधि समेतको रोहवरमा प्राविधिकबाट उत्खनन् स्थलको चारैतर्फ सिमांकन गरिनेछ । सोही सिमाक्षेत्र भित्रबाट मात्र नदीजन्य पदार्थको उत्खनन् एवं संकलन गर्नुपर्नेछ ।

३. सामान्यतया नदीजन्य पदार्थको उत्खनन् स्थानीय जनशक्तिबाट हात, र हाते औजार जस्तै सावेल, हथौडा, कोदालो, गैति आदी लगायत प्रयोग गरि गर्नुपर्नेछ । मेशिनको प्रयोग गर्नुपर्ने भएमा ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धि मापदण्ड २०७७ को दफा ४(४) बमोजिम हुनेछ ।

४. उत्खनन् तथा संकलनका लागि प्रयोग हुने साधनको अनुमति लिनुपर्नेछ ।

५. बोलपत्रदाताले उत्खनन्, संकलन तथा ढुवानी कार्यमा संलग्न कामदारहरुको सुरक्षा, स्वास्थ्य र दुर्घटना बीमा आदीको प्रबन्ध बोलपत्रदाताले मिलाउनुपर्नेछ ।

६. उत्खनन्को समय सुर्योदय देखि प्रारम्भ गरि साँझ सुर्यास्तसम्म मात्र गर्नुपर्नेछ ।

७. उत्खनन् गर्दा नदीको धारलाई असर नपार्ने गरि तथा सिँचाई प्रणाली लगायतका संरचनालाई समेत असर नपार्नेगरि गर्नुपर्नेछ । उत्खनन् क्रममा काम नलाग्ने भनि छाडिएका मालबस्तुलाई जुन स्थानबाट निकालिएको हो सोही स्थलमा मिलाएर राख्नुपर्नेछ ।

८. तोकिएको क्षेत्र बाहेक अन्यत्र स्थानबाट उत्खनन् गरेको पाईएमा वा सम्झौतामा उल्लेख गरिएको परिमाण भन्दा बढी उत्खनन गरेको पाईएमा सोको परिमाण एकिन गरी उपमहानगरपालिकाको निर्णय अनुसार हुनेछ ।

९. यस शर्त तथा बन्देजमा उल्लेख भएकोमा यसै वमोजिम र उल्लेख नभएको हकमा नेपाल सरकारबाट स्वीकृत "ढुङ्गा,गिट्टी,बालुवा उत्खनन,बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७",बुटवल उपमहानगरपालिकाको प्राकृतिक स्रोत व्यवस्थापन सम्बन्धी ऐन, २०८१, बुटवल उपमहानगरपालिकाको आर्थिक ऐन,२०८२ र यस कार्यालयबाट स्वीकृत प्रारम्भिक वातावरणीय प्रतिवेदन यस बोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ ।

# बुटवल उपमहानगरपालिका
## नगरकार्यपालिकाको कार्यालय
### बुटवल, रुपन्देही
### लुम्बिनी प्रदेश, नेपाल

घाटगद्दि सम्बन्धी शर्तहरु

१. उत्खनन् एवं संकलन गरेको नदीजन्य पदार्थ उत्खनन् गरेको स्थलबाट ढुवानी गरि तोकिएको स्थानमा मात्र घाटगद्दि गर्नुपर्नेछ । घाटगद्दि गर्दा नापजाँच गर्न मिल्ने किसिमले चट्टा मिलाई गर्नुपर्नेछ । अव्यवस्थित तवरले घाटगद्दि गरेको कारणले नाप लिन कठिनाई परेमा ठेकेदारले नाप लिन मिल्ने किसिमले चट्टा मिलाउनु पर्नेछ ।

२. उत्खनन् तथा घाटगद्दी र बिक्री संगै गर्न पाईनेछैन। घाटगद्दी स्थल सम्बन्धि विवरण उपमहानगरपालिकाले तोके बमोजिम हुनेछ ।

३. घाटगद्दी गर्ने स्थान उत्खनन् स्थल नजिक सम्बन्धित वडा कार्यालयले सिफारिस गरेको स्थानमा उपलब्ध गराइन्छ ।

४. घाटगद्दी स्थल कुनै निजी जग्गामा गर्नु परेमा जग्गाको स्वामित्व भएको संग सम्झौता गर्नु पर्नेछ ।

घाटगद्दिबाट विक्री वितरण तथा ओसार पसार सम्बन्धी शर्तहरु

१. उत्खनन् कार्य समाप्त भएपछि सम्बन्धित ठेकेदारले नापजाँचको लागि उपमहानगरपालिकामा अनुरोध गर्नुपर्नेछ ।

२. उपमहानगरपालिकाले प्राविधिक खटाई घाटगद्दिमा रहेको नदीजन्य पदार्थको परिमाण एकीन गराउनुपर्नेछ ।

३. प्रतिनिधिहरुको रोहवरमा प्राविधिकले नापजाँच गरि प्रतिवेदन दिएपछि मात्र उपमहानगरपालिकाले घाटगद्दीबाट बिक्री एवं ओसारपसार गर्न अनुमति दिईनेछ ।

४. घाटगद्दीमा रहेको नदीजन्य पदार्थको जिम्मा सम्बन्धित व्यवसायीको हुनेछ ।

५. ढुवानी गर्दा सवारी साधनको टाली/ढाला भन्दा माथि सम्म आउने गरि मालवस्तु भरेर बाटोमा खसाल्दै ढुवानी गर्न पाईने छैन । साथै टाली/ढाला राम्रोसंग बन्द गरी बाटोमा नखस्ने व्यवस्था मिलाउनु पर्नेछ ।

६. ढुवानी गर्ने सवारीले घाटगद्दी स्थलबाटै राम्रोसंग त्रिपालले ढाकेर लैजानु पर्नेछ र ढुवानी गर्ने सवारीले ढुवानी अवधिभर प्रेसर हर्न प्रयोग गर्न पाउने छैन ।

७. घाट गद्दी गर्ने स्थान प्रयोग बापत लाग्ने कर /शुल्क सम्बन्धित व्यवसायी आफैले तिर्नु पर्ने छ।

अन्य शर्तहरु

१. वातावरणमा प्रतिकुल प्रभाव पर्नेगरी कुनै कार्य गर्न पाईनेछैन । साथै IEE प्रतिवेदनमा उल्लेखित शर्तहरु पुर्ण रुपमा पालना गर्नुपर्नेछ । साथै यस कार्यालयबाट समय समयमा दिएका निर्देशनहरु पालना गर्नु पर्नेछ

२. मूलबाटोबाट घाटतर्फ सवारी साधन प्रबेश हुने मार्गको नियमित मर्मत गर्ने कार्य ठेकेदारको तर्फबाट गर्नु पर्नेछ । सो वापतको खर्च रकम दावी गर्न पाईने छैन ।

३. तोकिएको किस्ता म्याद भित्र नबुझाएमा उपमहानगरपालिकाको तर्फबाट ठेक्का तोडी बिक्री आदेश रोक्का गरी बाँकी रहेको किस्ता असुल उपर गर्ने तर्फ आवश्यक कानूनी कारवाही गरिनेछ । असुल उपर गर्न बाँकी रहेको रकममा वार्षिक १०% थप क्षतिपुर्ति स्वरुप असुल गर्न सकिनेछ ।

४. बोलपत्र प्रकृयामा सहभागि हुन ईच्छुकले पहिल्यै उत्खनन् स्थलको अवलोकन गरी अवस्थाको सुनिश्चितता गरेर मात्र प्रकृयामा सहभागि हुन सकिनेछ । कुनै द्विविधा भएमा Pre Bid Meeting मा विषय उठान

गरि स्पष्ट हुन सकिनेछ तर बोलपत्र प्रकृयामा सहभागि भईसकेपछि कुनै प्रकारको विवाद गर्न पाईनेछैन साथै कुनै परिमाण वा गुणस्तरको कारणबाट घाटा भएको भनि कुनै प्रकारको मिन्हा वा छुट दावी वा अन्य स्थलबाट उत्खनन् गर्न मागदावी गर्न पाईने छैन ।

५. यस उपमहानगरपालिकामा बक्यौता तिर्न बाँकी रहेका व्यक्ति वा फर्महरुले पुरानो बाँकी चुक्ता नगर्दा सम्म बोलपत्रमा भाग लिन पाउने छैनन् ।

६. उत्खनन् तथा ओसार पसारको प्रकृयामा कुनै पनि कानूनी तथा आर्थिक दायित्व सिर्जना भएमा त्यसको पूर्ण दायित्व बोलपत्रदाताको हुनेछ ।

७. यसमा उल्लेख भएको कुराहरु यसै बमोजिम र उल्लेख नभएका कुराहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

दीपक अवाली
प्रमुख प्रशासकीय अधिकृत
सहसचिव

# बुटवल उपमहानगरपालिका

## नगरकार्यपालिकाको कार्यालय

बुटवल, रुपन्देही

**बोलपत्र फारम**

दीपक ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

आय ठेक्का नं. ०७/२०८२/०८३/Revenue

बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालयबाट मिति २०८३ बैशाख २२ गते प्रकाशित सूचना अनुसार रुपन्देही जिल्ला, बुटवल उपमहानगरपालिका दानव नदीको पदमपुर घाट क्षेत्रबाट नदीजन्य पदार्थ उत्खनन् घाटगद्दी र ओसारपसार तथा बिक्री वितरण कार्यको देहायको ठेक्का निम्न रकममा लिन मन्जुर गरी यो शिलबन्दी बोलपत्र पेश गरेको छु।

| सि. नं. | ठेक्का नं. | नदी तथा खोलाको विवरण | प्रतिघन फुट दररेट (अंकमा) | प्रतिघनफुट दररेट (अक्षरमा) | कबोल ठेक्का अंक (भ्याट बाहेक) (अंकमा) | कबोल ठेक्का अंक (भ्याट बाहेक) (अक्षरमा) |
|---|---|---|---|---|---|---|
| १ | ०७ /२०८२/०८३ /Revenue | बुटवल उपमहानगरपालिका वडा नं .१३ र १४ स्थित दानव नदीको पदमपुर (ड्राइभिङ स्कुल नजिकको) घाट | | | | |

फर्म/कम्पनीको छाप

बोलपत्रदाताको
नाम थर :–
ठेगाना :–
दस्तखत :–
मिति :–

# बुटवल उपमहानगरपालिका
## नगरकार्यपालिकाको कार्यालय

बुटवल, रुपन्देही
**बोलपत्र फारम**

दीपक ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत
सबसचिव

आय ठेक्का नं. ०६ /२०८२/०८३/Revenue

बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालयबाट मिति २०८३ बैशाख २२ गते प्रकाशित सूचना अनुसार रुपन्देही जिल्ला, बुटवल उपमहानगरपालिका तिनाउ नदीको सिर्जनानगर (प्रगतिनगर) घाट क्षेत्रबाट नदीजन्य पदार्थ उत्खनन् घाटगद्दी र ओसारपसार तथा बिक्री वितरण कार्यको देहायको ठेक्का निम्न रकममा लिन मन्जुर गरी यो शिलबन्दी बोलपत्र पेश गरेको छु।

| सि. नं. | ठेक्का नं. | नदी तथा खोलाको विवरण | प्रतिघन फुट दररेट (अंकमा) | प्रतिघनफुट दररेट (अक्षरमा) | कबोल ठेक्का अंक (भ्याट बाहेक) (अंकमा) | कबोल ठेक्का अंक (भ्याट बाहेक) (अक्षरमा) |
|---|---|---|---|---|---|---|
| १ | ०६/२०८२/०८३/ Revenue | बुटवल उपमहानगरपालिका वडा नं .११ स्थित तिनाउ नदीको सिर्जनानगर (प्रगतिनगर) घाट क्षेत्र | | | | |

फर्म/कम्पनीको छाप

बोलपत्रदाताको
नाम थर :-
ठेगाना :-
दस्तखत :-
मिति :-